# विनियोजन ऐन, २०८१

खण्ड ०८) नेपालगञ्ज, असार २८ गते, २०८१ साल (संख्या ७९

# राजपत्र

## नेपालगञ्ज उप-महानगरपालिका

### नगर कार्यपालिकाको कार्यालय, बाँके

नेपालगँज उप महानगरपालिका, बाँके को आर्थिक बर्ष २०८१/८२ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**नगर सभाबाट स्वीकृत मितिः २०८१, असार २८ गते**

**प्रस्तावना** : नेपालगँज उप महानगरपालिका, बाँके २०८१/८२ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम नेपालगँज उप महानगर पालिका, बाँकेको नगर सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "नेपालगँज उप महानगरपालिका, बाँकेको विनियोजन ऐन, " रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

२. **आर्थिक वर्ष २०८१/८२ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार** :

(१) आर्थिक वर्ष २०८१/८२को निमित्त नगर कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम १,७६,५७,२६,३४३.४४ (अक्षेरुपी रुपैयाँ एक अर्ब छयत्तर करोड सन्ताउन्न लाख छब्बिस हजार तिन सय त्रिचालिस पैसा चवालिस मात्र ।) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ।

३ . **विनियोजन** : (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८१/८२को निमित्त नेपालगँज उप महानगरपालिका, बाँकेको नगर कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ। पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था

अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढीशीर्षकहरुमा रकम सार्न परेमा नगर सभाको स्वीकृति लिनु पर्नेछ।

# नेपालगँज उप महानगरपालिका
## उप महानगर कार्यपालिकाको कार्यालय, बाँके
कार्यालयको कोड : ८०५५७३०१३००

### व्यय अनमान

आ.व. : २०८१/८२

| शीर्षक | आ.व. २०७९/८० को यथार्थ | आ.व. २०८०/८१ को संशोधित अनुमान | आ.व. २०८१/८२ को अनुमान | स्रोत | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक श्रोत | अन्तर सरकारी वित्तीय हस्तान्तरण | | | ऋण | जनसहभागिता | बैदेशिक |
| | | | | | नेपाल सरकार | प्रदेश सरकार | स्थानीय तह | | | |
| व्यय | १,५२,५२,४५,७४८.५२ | १,८५,२१,९०,६६५.४२ | १,७६,५७,२६,३४३.४४ | ७८,३७,६६,३४३.४४ | ९१,६९,७७,०००.०० | ५,४९,८३,०००.०० | ०.०० | १,००,००,०००.०० | ०.०० | ०.०० |
| चालु | १,०२,२६,५६,३४७.५५ | १,१९,९७,७७,०२८.१२ | १,१८,१४,६७,७७६.०० | ६०,१६,१७,१९९.०० | ५७,०७,०२,४७०.०० | ६६,४८,१०७.०० | ०.०० | २५,००,०००.०० | ०.०० | ०.०० |
| २०००० खर्च | १,०२,२६,५६,३४७.५५ | १,१९,९७,७७,०२८.१२ | १,१८,१४,६७,७७६.०० | ६०,१६,१७,१९९.०० | ५७,०७,०२,४७०.०० | ६६,४८,१०७.०० | ०.०० | २५,००,०००.०० | ०.०० | ०.०० |
| पूंजीगत | ४७,१२,५५,१७३.३६ | ६१,२४,१३,६३७.३० | ५४,४२,५८,५६७.४४ | १४,२१,४९,१४४.४४ | ३४,६२,७४,५३०.०० | ४,८३,३४,८९३.०० | ०.०० | ७५,००,०००.०० | ०.०० | ०.०० |
| ३०००० सम्पत्ती तथा दायित्व | ४७,१२,५५,१७३.३६ | ६१,२४,१३,६३७.३० | ५४,४२,५८,५६७.४४ | १४,२१,४९,१४४.४४ | ३४,६२,७४,५३०.०० | ४,८३,३४,८९३.०० | ०.०० | ७५,००,०००.०० | ०.०० | ०.०० |
| वित्तीय | ३,१३,३४,२२७.६१ | ४,००,००,०००.०० | ४,००,००,०००.०० | ४,००,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ३०००० सम्पत्ती तथा दायित्व | ३,१३,३४,२२७.६१ | ४,००,००,०००.०० | ४,००,००,०००.०० | ४,००,००,०००.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |